Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७४ कार्तिक २०

# प्रेस विज्ञप्ति

एक दशक लामो सशस्त्र द्वन्द्वका समयमा देशमा गम्भिर रुपमा मानव अधिकार हननका घटनाहरु घटेका थिए । सशस्त्र द्वन्द्वका समयमा राज्य पक्ष र गैरराज्य पक्षबाट बलात्कार र यौनजन्य हिंसालाई सश्त्रको रुपमा प्रयोग गरि महिला तथा बालिकाहरुमाथि विभिन्न किसीमले चरम यातनाहरु दिईएको थियो ।

मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गर्न, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने र पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने जस्ता उद्देश्यका साथ सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको थियो । त्यसै गरी बेपत्ता पारिएका व्यक्तिहरुको छानविनका लागि वेपत्ता छानबिन आयोगको गठन समेत भएको छ । तर पनि सरकारबाट द्वन्द्वकालमा भएका घटनाहरुलाई बाहिर ल्याउन द्वन्द्व प्रभावितहरुलाई प्रोत्साहन गर्ने संवेदनशिल वातावरणको निर्माण गर्न नसक्दा, न्याय दिलाउने स्थानमा रहेका व्यक्तिहरुमा रहेको पित्तृसत्तात्मक सोच र व्यवहारका कारण यौन हिंसा तथा अन्य हिंसाबाट प्रभावितहरुले अझै न्याय प्राप्त गर्न नसकेको तितो यथार्थता हामीसँग रहेको छ ।

सरकारले द्वन्द्वबाट प्रभावितहरुले न्यायको अनुभुति गर्न सक्ने गरी न्यायलाई परिभाषित गर्ने तथा हिंसा प्रभावितहरुको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण गर्न सकेको छैन । जसका कारण आज पनि द्वन्द्वबाट प्रभावितहरु आफुँले भोगको घटनाहरुको पीडा लिएर बाँच्न बाध्य छन् । द्वन्द्वको समयमा भएका बलात्कार तथा सामुहिक बलात्कारबाट जन्मिएका बालबालिकाहरु जन्मदर्ता, नागरिकता प्राप्त गर्ने अधिकारबाट बञ्चित हुनुपरेका वास्ताविकता हामी समक्ष रहेको छ । यहि अवस्थालाई मध्य नजर गर्दै **ओरेक नेपाल, महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल, नागरिक आवाज र द स्टोरी किचनले** संयुक्त रुपमा ११ जिल्लाका ८० भन्दा बढी द्वन्द्व प्रभावित महिलाहरुको उपस्थितिमा उनीहरुको वर्तमान अवस्थाको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र प्रभावितको न्यायमा पहुँच बृद्धि गर्न सरोकारवालाहरुलाई सुझाव पेश गर्ने उद्देश्यले कार्तिक २० गते काठमाडौमा **"द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय भेला"** आयोजना गरेको छ । यस भेलापुर्व चितवनको सौराहामा मिति २०७४ कार्तिक १३ देखि १८ सम्म सहभागीहरुलाई ६ दिनको स्व स्याहार (Self-healing) को आयोजना गरिएको थियो । उक्त स्व स्याहार सत्रका माध्यमबाट द्वन्द्वकालमा भएका घटनाका कारण दबिएर बसेका पीडाहरुबाट बाहिर ल्याउन र आत्मानुभुतिमा सहजता ल्याउन सहयोग पुगेको थियो । यसै क्रममा ११ द्वन्द्व प्रभावित जिल्लाको सहभागीतमा आफ्नो सवालमा पैरवी गर्न द्वन्द्व प्रभावितहरुको राष्ट्रिय सञ्जाल "सहज" गठन भएको छ । यस सञ्जालले द्वन्द्वकालमा आफुमाथि भएका पीडाहरुका बारेमा छलफल गरी आफुले भोगिरहेको पीडाको सम्बोधनका माग सहित १५ बुँदे घोषणा पत्र तयार गरी कार्यक्रममा प्रस्तुत गरेका थिए ।

भेलामा सहभागीहरुले आफु द्वन्द्वकालमा चरम यातानाका साथै यौन हिंसाबाट शिकार हुनुपरेको र हाल पनि आफुले पाएको पीडालाई मलम लगाउने कार्य कहि कतैबाट नभएको बरु उल्टै पीडाहरु चर्काउने काम भएको तितो अनुभव सुनाएका थिए ।

भेलामा बोल्दै **सत्य निरुपण आयोग तथा मेलमिलाप आयोगका माननिय सदस्य डा. माधवी भट्टले** आयोगमा ६२ हजार घटना दर्ता भएकोमा ७ हजार अनुसन्धानको क्रममा रहेको जानकारी गराउनु भएको थियो । साथै द्वन्द्वकालिन समयमा भएका मुद्दा विशेषगरी शारीरिक, मानसिक, यौनजन्य हिंसाको सवालमा आयोग सदैव संवेदनशिल रहेकोप्रति जोडा दिदै प्रादेशिक हिसाबमा आयोगका सदस्यहरुलाई जिम्मेवारी दिईएको र उक्त समुहमा १ जना महिला सदस्यको पनि व्यवस्था गरेको, आयोगले प्रभावितको बालबालिकाको शिक्षामा पहुँच बृद्धि गर्नका लागि शिक्षा सहयोगमा सुधार गरेको जानकारी गराउनु भएको थियो । पहिलेको व्यवस्था अनुसार द्वन्द्व प्रभावितका ३ जना छोराछोरीलाई मात्र छात्रवृत्ति दिने व्यवस्था भएकोमा उक्त व्यवस्थामा

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

परिवर्तन गरि यौन हिंसा र बलात्कार जस्ता घटनाबाट प्रभावितका परिवारका सदस्यका सबै छोराछोरीलाई स्नाकोत्तर सम्मको छात्रावृत्ति प्रदान गर्ने व्यवस्था हाल रहेको छ ।

**बेपत्ता छानविन आयोगका प्रवक्ता तथा सदस्य डा. विष्णु पाठकले** आयोगमा ३ हजार ३९ को उजुरी परेकोमा १६० को विस्तृत अध्ययन पुरा भएको जानकारी गराउनु भएको थियो । आयोगले उजुरीहरु लिने कार्य सम्पन्न गरिसकेको भएता पनि चुनावका कारण पीडकलाई झिकाई बयानका लागि बोलाउन नसकिरहेको जानकारी गराउनु भएको थियो । अबको १ वर्ष भित्रमा संसारका द्वन्द्व प्रभावित ५० वटा देशले गर्न नसकेको नमुना कार्य गरेर देखाउन सक्ने अवस्थामा वेपत्ता छानविन आयोग रहेको जानकारी गराउनु भएको थियो ।

**गृह मन्त्रालयका सहसचिव निर्मला अधिकारीले,** द्वन्द्वकालमा भएका हिंसाको घटनाहरुको सम्बोधनका लागि २ वटा नै आयोगहरु पुर्ण रुपमा जिम्मेवार हुने बताउँदै हिंसा प्रभावितहरुले सहज रुपमा आफुमाथि भएको घटनाहरु भन्न सक्ने वातावरणको निर्माण, प्रहरी कर्मचारीहरुलाई क्षमता अभिबृद्धि कार्यक्रमहरु गरि कर्मचारीहरुलाई लैगिंक संवेदनशिल तथा कार्यक्षेत्रलाई लैगिंकमैत्री बनाउन गृह मन्त्रालय सधै प्रतिबद्ध रहेको प्रतिबद्धता जनाउनु भएको थियो ।

**राष्ट्रिय महिला आयोगका सचिव तुलसीराम सेढाईले** आयोग महिलाहरुको पीडा र अनुभूतिलाई अनुभव गर्न सक्ने सदस्यहरु रहेको महिला आयोग हाल पदाधीकारी विहिन रहेको अवस्थाका बारेमा जानकारी गराउँनु भएको थियो । उहाँले आयोगले निर्धक्क रुपमा महिलाका पीडाहरु व्यक्त गर्न सक्ने संयन्त्रको विकासका लागि २४ सैं घण्टा सुचारु हुने ११४५ को टोल फ्रि नम्बरको सेवा सञ्चालन गर्न लागेको जानकारी गराउँदै आफुमाथि भएका हिंसाहरु र आफुले देखेको हिंसालाई सहज रुपमा आयोगमा उजुरी गर्न अनुरोध गर्नुभएको थियो ।

**डा. रेणु अधिकारी, अध्यक्ष महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल,** ले हालसम्म राज्यले द्वन्द्व प्रभावित महिलाका लागि गरेको न्यायको परिभाषा र महिलाको पीडालाई हेर्ने दृष्टिकोण नै अपुरो रहेको कुरामा जोड दिनुभएको थियो । जबसम्म सामाजिक परिवर्तन र द्वन्द्व प्रभावितलाई हेर्ने मानसिकता परिवर्तन हुदैन तबसम्म महिलाहरुले न्याय पाउन नसक्ने कुरामा जोड दिनुभएको थियो ।

**नागरिक आवाजका प्रमुख कार्यकारी अधिकृत सुसन रिजालले** नागरिक आवाजले निरन्तर रुपमा द्वन्द्व प्रभावितहरुको न्यायमा पहुँच अभिबृद्धि गर्नका लागि विशेषत द्वन्द्व व्यवस्थापन र आकस्मिक परिपूरणका लागि कार्य गरिरहेको जानकारी दिनु भएको थियो । द्वन्द्व प्रभावितहरुको न्यायको सवाललाई सम्बोधन गर्न सरकार थप संवेदनशिल हुनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

**द स्टोरी किचनका संस्थापक अध्यक्ष जया लुईटेलले** हाल राज्यले तयार गरेको परिभाषाले यौन हिंसा र यातनालाई समेट्न नसकेकोमा चिन्ता व्यक्त गर्दै सबैभन्दा पहिले राज्यको द्वन्द्व प्रभावितको परिभाषालाई फराकिलो बनाउन अनुरोध गर्नुभएको थियो । उहाँले केवल कानुनी न्यायले मात्र न्याय प्राप्ति हुन नसक्ने बताउँदै आफ्नो तहमा (स्व न्याय), पारिवारीक तहमा, सामाजिक तहमा तथा कानुनी तहमा न्यायलाई परिभाषित गर्नु जरुरी रहेको बताउँदै प्रभावितहरुलाई संगठित भएर अगाडी बढ्न अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा श्री कल्पना झा, अधिकृत राष्ट्रिय मानव अधिकार आयोग, श्री लक्ष्मि प्रसाद गौतम, उपसचिव, प्रधानमन्त्रि तथा मन्त्रि परिषद्को कार्यालयका तर्फबाट अतिथिका रुपमा सहभागी भएका थिए भने ११ जिल्लाका ८० भन्दा बढी द्वन्द्व प्रभावितहरुको सहभागीता रहेको थियो ।



अभिराम राय
कार्यक्रम निर्देशक